कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: १४ | वि.सं. २०८१ बैशाख १५ शनिवार | नेपाल संवत: ११४४, वैशाख कृष्ण तृतिया | Saturday 27 Apr. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

## अझै बनेन् कर्णालीमा नयाँ शहर
## प्रत्येक वर्ष बजेट कटौती गर्दै सरकार



◣रमेश रावल
सुर्खेत, १४ वैशाख ।

नेपाल सरकारले आर्थिक वर्ष २०६७/२०६८ देखि पूर्वाधार निर्माणका लागि १० शहर छनोटको काम सुरु गरेको थियो । सोही बमोजिम एउटा शहर रुकुमपश्चिमको चौरजहारी बजार पनि छनोटमा परेको थियो।

तत्कालिन प्रत्येक विकास क्षेत्रका दुई शहरलाई व्यवस्थित बनाउने सरकारी योजना रहेको थियो। त्यसमध्ये मध्यपश्चिमाञ्चलका दैलेखको राकम र रुकुमपश्चिमको चौरजहारी बजार पनि छनोटमा परेका थिए । २० वर्षमा एक लाख जनसंख्या अत्यावश्यक सुविधासहित बस्न सक्ने गरी पूर्वाधार विकासको काम गर्ने सरकारी तयारी थियो। तर, १२ वर्षमा पनि सोचे अनुसारको काम हुन सकेको छैन् ।

सरकारले ५ वर्ष भित्र सक्ने योजनासहित अघि बढाएको सरकारी योजना काम सुरु गरेको १२ वर्षसम्म सामान्य पुर्वाधारको काम बाहेक उल्लेख्य प्रगति हुन भने सकेको छैन।

रुकुम पश्चिमको चौरजहारी बजार मध्यपहाडी लोकमार्गको छेउमा रहेका १० नयाँ सहर मध्येको एउटा हो । भौतिक संरचनाको अभावमा रहेको उक्त ठाउँमा पहिलेदेखि सानो बजार थियो । होटेल, पसलहरू भएपनि गुणस्तरीय सडक, विद्युत्, बसपार्क, ढल निकास, सामुदायिक तथा एकीकृत भवनलगायतका कुनै पनि संरचना थिएनन् । अनेकौं समस्या झल्दै आएको उक्त बजारलाई २०६९ सालबाट सरकारले नयाँ सहरको रुपमा निर्माण गर्न सुरु गरेको थियो । काम सुरु भएको ५ वर्षसम्म खासै उपलब्धि हुन सकेन । योजना छनौट, बजेट निर्माणलगायतका काममा अल्झीएको आयोजनाले पछिल्ला वर्षमा भने केही उपलब्धि प्राप्त गर्न थालेको छ।

नयाँ सहर आयोजनाले निर्माण गर्न सुरु गरेका योजनाको काम सम्पन्न हुँदै गएपछि चौरजहारी नयाँ शहरले केही मुहार फेर्न थालेको स्थानीयको भनाइ छ।

बजार क्षेत्रमा कालोपत्रेसहितको सडक, बसपार्क निर्माण, एकीकृत तथा सामुदायिक भवन निर्माणको कामले थप सौन्दर्य बनाएको उनको भनाइ छ।

बसपार्कमा ग्राभेल गर्ने, सार्वजनिक शौचालय, टिकट काट्ने भवनका निर्माणलगायतका काम सम्पन्न भएको नयाँ शहर आयोजना कार्यालय चौरजहारीका प्रमुख सुनिल आचार्यले बताए । 'अनुसार

▶ बाँकी ३ पेजमा

### यस्तो छ योजनाको प्रगती

आयोजनाको वित्तिय प्रगति १९ दशमलव ३७ प्रतिशत र भौतिक प्रगति ३० प्रतिशत रहेको आयोजनाको कार्यालयले जनाएको छ। १० किलोमिटर सडक कालोपत्रे बजार क्षेत्रदेखि नगरपालिका गौछेनी-टाटागाउ-घारीगाउँ-एरपोर्ट रोड भएको आयोजनाका प्रमुख आचार्यले जानकारी दिए। उनका अनुसार नयाँ सडकको ट्र्याक ५२ किलोमिटर खुलेको छ।

चौरजहारी नगरपालिकाको भवन बनेको र १० वटा वडामा १० वटा सामुदायिक भवनहरु बनेको आयोजनाको कार्यालयले जनाएको छ। त्यस्तै, कृषि उपजका बस्तु संकलनका गर्नका लागि एउटा संकलन केन्द्र निर्माण भएको र कार्यलय स्थापना भएदेखि हालसम्म एक अर्ब १४ करोड नयाँ शहर बनाउनका लागि लगानी भएको आयोजना प्रमुख आचार्यले जानकारी दिए।

### बजेट घटाउँदै सरकार

अहिले चौरजहारीमा ढल, फुटपाथ र नाली बनाउने काम पनि जारी छ । न्यूनतम सहरी सुविधा दिने गरी सहर बनाउने सरकारी योजना अनुसारको काम भइरहेको आयोजना प्रमुख आचार्यले जानकारी दिए । '२० वर्षे शहर निर्माणको योजना अन्तर्गत काम थालेको १२ वर्ष

▶ बाँकी ३ पेजमा

## अर्थमन्त्री पुन र मुख्यमन्त्री कँडेलबीच कर्णालीका आयोजना बारे छलफल

◣युग संवाददाता
सुर्खेत, १४ वैशाख ।



कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले सङ्घीय सरकारका अर्थमन्त्री वर्षमान पुनसँग भेट गरी आगामी वर्षको बजेटमा कर्णाली प्रदेशमा विशेष प्राथमिकतामा राख्नुपर्ने आयोजना र बजेटबारे छलफल गरेका छन्।

मुख्यमन्त्री कँडेलले कर्णाली प्रदेश सरकारको तर्फबाट प्राथमिकताका साथ ६ बुँदामा विभिन्न आयोजना समावेश गरी प्राथमिकता दिन मन्त्री पुनसँग आग्रह गरेका थिए । कर्णाली करिडोर (सुर्खेत-हुम्ला) र भेरी करिडोर (सुर्खेत-डोल्पा) लाई राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत विशेष प्राथमिकतामा राख्न उनले आग्रह गरे।

उक्त आयोजनाको छुट्टै संरचनासहित आयोजना कार्यालय स्थापना र आयोजनाको लागि आवश्यक बजेटको व्यवस्था गरी उपयुक्त आयोजना यथाशक्य कार्यान्वयन तथा सम्पन्न गर्ने व्यवस्था गरिदिन मन्त्री पुनसमक्ष आग्रह गरिएको मुख्यमन्त्री कँडेलले जानकारी दिए।

नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएको र कर्णाली प्रदेशको राजधानी जोड्ने प्रदेश प्रवेशद्वारका रुपमा रहेको कोहलपुरदेखि सुर्खेतसम्मको रत्न राजमार्गलाई चार लेनको बनाउने योजना कार्यान्वयनमा नगएकाले आवश्यक बजेटसहित कार्यान्वयनको व्यवस्था गर्नसमेत मुख्यमन्त्री कँडेलले आग्रह गरेका छन्।

त्यस्तै नेपाल सरकारको विगतका वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका तथा हालसम्म कार्यान्वयनमा जान नसकेको सुर्खेत विमानस्थलको विस्तार तथा स्तरोन्नति गरी सङ्घीय राजधानीसँग कर्णाली प्रदेशको हवाई पहुँच र आन्तरिक उडानको केन्द्रका रुपमा विकास गर्न आवश्यक बजेटसहित कार्यान्वयनको व्यवस्था गर्नसमेत उनले मन्त्री पुनसमक्ष आग्रह गरेका छन्।

भूकम्पप्रभावित जाजरकोट, रुकुम पश्चिम र सल्यानमा निजी आवास तथा अन्य संरचना पुनःनिर्माण गर्न आवश्यक बजेट विनियोजन गर्न अनुरोध गरिएको मुख्यमन्त्री कँडेलले जानकारी दिए । कर्णालीको राजधानी सुर्खेत उपत्यकाको तल्लो तटीय क्षेत्र बाढीबाट बर्सेनि प्रभावित हुने भएकाले दीर्घकालीन समस्या समाधानका लागि निकासखोला नियन्त्रण आयोजनाको डिपिआरसमेत भइसकेकाले प्राथमिकता राखी बजेटसहित कार्यान्वयनको व्यवस्था गर्ने विषयमा छलफल भएको उनले बताए।

कर्णाली प्रदेशमा सङ्घीय सरकारको तर्फबाट सञ्चालित विकास आयोजनालाई निरन्तरता दिई बजेटको व्यवस्था गरी कर्णालीका जनतालाई न्याय दिनसमेत मुख्यमन्त्री कँडेलले मन्त्री पुनसमक्ष अनुरोध गरेका छन् । छलफलमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतसमेत सहभागी भएका थिए ।

## कालीकोट उद्योग वाणिज्य संघमा शाही

◣युग संवाददाता
कालिकोट, १४ वैशाख ।

एक महिनाअघि उद्घाटन गरेर स्थगित भएको कालीकोट उद्योग वाणिज्य संघको चुनावबाट एकीकृत समाजवादीका रतनवहादुर शाही अध्यक्षमा निर्वाचित भएका छन् । बुधबार सम्पन्न चुनावबाट शाही दोस्रो पटक अध्यक्ष निर्वाचित भएका हुन्।

एकीकृत समाजवादीका शाही कांग्रेस, मजदुर किसान पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीको गठबन्धनबाट चुनावी प्रतिष्पर्धामा थिए । उनले एमाले, माओवादी केन्द्र र राप्रपाको गठबन्धनबाट उम्मेदवार बनेका तिलबहादुर शाहीलाई ४३ मतान्तरले हराए। कूल ८ सय ६५ मतदाता रहेको चुनावमा पुन अध्यक्षमा दोहोरिएका शाहीले २ सय ७३ मत पाए भने एमाले माओवादी केन्द्र गठबन्धनका तिलवहादुरले २ सय ३१ मत पाए। बुधवार भएको चुनावको मतगणना बिहीवार सकिएको हो।

वरिष्ठ उपाध्यक्ष, द्धितीय उपाध्यक्ष, महासचिव र सचिवमा भने एमाले माओवादी गठबन्धनका उम्मेदवार विजयी भए । वरिष्ठ उपाध्यक्षमा एमालेका जनकवहादुर शाही, द्धितीय उपाध्यक्षमा माओवादी केन्द्रका गौरी संज्याल गण्डकी, महासचिवमा एमालेका कमलराज बराल, कोषाध्यक्षमा कागग्रसका खगेन्द्र पाण्डे र सचिवमा कांग्रेसका भद्रबहादुर बम विजयी भए । कालीकोटका ब्यापारी र उपभोक्ताको अधिकार संरक्षणका लागि क्रियाशील हुने पुन विजयी बनेका शाहीले प्रतिबद्धता गरे । उनले संकटमा पर्दै गएको मान्म बजारलाई चलायमान गर्न पर्यटन प्रर्वद्धनलगायतका कार्यक्रम संचालन गर्ने योजना सुनाए।

**डिपेन्डेन भिसा**

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला।

**सम्पर्क नं.:** ९७६९७७२९४४, ९७६९७७२९२३






# नेपाल र कतारबीचको समझदारी ऐतिहासिक : राजदूत डा. ढकाल

कतारका अमिर (राजा) शेख तमिम विन हमाद अल थानीको नेपालको दुईदिने राजकीय भ्रमण सम्पन्न भएको छ। अरब मुलुकबाट राष्ट्र प्रमुखका हैसियतमा नेपालमा कसैको पनि उपस्थिति थिएन। पहिलोपटक कतार जस्तो आर्थिकरुपमा सम्पन्न मुलुकको अमिरबाट भएको नेपाल भ्रमणलाई ऐतिहासिक रुपमा अर्थ्याइएको छ। भ्रमणका क्रममा दुई देशबीच महत्वपूर्ण सहमति एवं समझदारी पनि भएका छन्। कतारको अमिरको नेपाल भ्रमणको पर्दा पछाडि रहेर कतारका लागि नेपाली राजदूत डा नरेशविक्रम ढकालले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो। उहाँ दुई वर्षदेखि कतारका लागि नेपाली राजदूतका रुपमा क्रियाशील हुनुहुन्छ। कतारका अमिरको नेपाल भ्रमण, भ्रमणका उपलब्धिलगायत विषयमा कतारका लागि नेपाली राजदूत ढकालसँग राष्ट्रिय समाचार समितिका समाचारदाताद्वय भीष्मराज ओझा र अशोक घिमिरेले गर्नुभएको कुराकानीको सम्पादित अंशः

**● हालै कतारका राजाको नेपाल भ्रमण सम्पन्न भएको छ। कतारको अमिरको भ्रमण मध्यपूर्व एसियाबाटै हालसम्मको उच्चस्तरको हो। कतारका लागि नेपाली राजदूतका रुपमा यहाँले पर्दापछाडि के–के तयारी गर्नुभयो ?**

प्रत्येक राजदूतले आफ्नो नियुक्तिको सिफारिसपछि संसदीय समितिमा आफ्नो कार्ययोजना प्रस्तुत गर्नुपर्ने हुन्छ। मैले समितिमा प्रस्तुत गरेको कार्ययोजनामा १३ योजनामध्ये दोस्रो नम्बरमा कतारको अमिरको नेपाल भ्रमणको गराउँछु भन्ने थियो। तत्पश्चात कतारमा नेपाली राजदूतका हैसियतले मैले पदभार ग्रहण गरेँ। त्यसपछि कतारका अमिरसँग ओहोदाको प्रमाणपत्र पेस गर्ने क्रममा उहाँसँग नेपाल भ्रमणको सन्दर्भ उठान गरेँ। त्यतिबेला उहाँले आफू फिफा विश्वकप २०२२ का कारण अत्यन्त व्यस्त रहेको र २०२३ मा उपयुक्त समय पारेर नेपाल भ्रमण गर्ने जवाफ दिनुभएको थियो। त्यसपछि म निकै नै उत्साही भएँ। दुई वर्षका अवधिमा मैले पाँच पटक कतारको अमिरसँग भेटवार्ता गर्ने अवसर पाएँ। कतारमा अमिरले २०२३ भित्र नेपालको भ्रमण गर्ने विषय प्रथम चरणको भेटमा नै आश्वासन दिनुभएको थियो। त्यसैअनुसार २०२३ को नोभेम्बर ६–७ मा अमिरले नेपाल भ्रमण गर्ने मिति तय भयो। विशेष कारणले निर्धारित मितिमा भ्रमण हुन नसके पनि त्यसको करिब छ महिनाभित्र यो भ्रमण सम्भव भयो।

**● कतारका अमिरको नेपालको दुईदिने भ्रमण कति उपलब्धिपूर्ण रह्यो ?**

अरब मुलुकबाट प्रायःजसो राष्ट्रप्रमुखका हैसियतमा नेपालमा कसैको पनि उपस्थिति थिएन। पहिलोपटक कतार जस्तो आर्थिक रुपमा सम्पन्न मुलुकको अमिरबाट नेपालको भ्रमण हुनु आफैँमा ऐतिहासिक विषय हो। यस भ्रमणबाट हामीले धेरै अपेक्षा पनि गरेका छौँ। यद्यपि, तत्काल हेर्दा केही समझदारीमा हस्ताक्षर भएको देख्दा कसैले कम आँकलन गर्न पनि सक्नुहोला। तर यसको ऐतिहासिक महत्व छ। यस भ्रमणले अन्य अरब मुलुकका राष्ट्र प्रमुखलाई नेपालमा भ्रमण गर्ने प्रेरणा प्रदान गरेको छ। हामीले नेपालसँग फरक ढङ्गले द्विपक्षीय सम्बन्ध विकसित गर्नुपर्छ भन्ने सन्देश दिएको छ। कतारमा रहेका नेपालीलाई अन्य मुलुकका नागरिकले हेर्ने दृष्टिकोणमा व्यापक प्रभाव परेको छ। अमिरले रुचाएको र भ्रमण गरेको मुलुक र त्यो देशका नागरिक भनेर नेपाली नागरिकलाई हेर्ने दृष्टिकोणका ठूलो परिवर्तन आउँछ। त्यसकारण अमिरको नेपाल भ्रमण महत्व आफैँमा शब्द, अङ्क, तथ्याङ्कमा विश्लेषण गरेर देखिने नभई आत्मसात गर्ने र यसको परिणाम तत्काल देखिने भएकाले मैले यसलाई अत्यन्त ठूलो महत्वका साथ हेरेको छु।

**● कतारका अमिर र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'बीच द्विपक्षीय भेटवार्तापछि नेपाल र कतारबीच विभिन्न आठ वटा सहमति र समझदारीमा हस्ताक्षर भएका छन्। यी समझदारी कति पूर्ण छन् ?**

हाम्रा आवश्यकता अलग खालका थिए। आपसी समझदारीपत्रमा हस्ताक्षर हुँदा हाम्रो आवश्यकताभन्दा फरक भयो कि भन्ने महसुस सबै हुन सक्छ। यो स्वभाविक हो। सहमतिको बुँदा हेर्दा के देखाउँछ भनेर हेर्‍यो भने साँधुरो छ। भित्री कुरा के हो भनेर हेर्दा आठ वटा समझारीले व्यापक क्षेत्र ओगटेको छ। यसका कारण यो आफैँमा यसले व्यापकता ओगटेको छ। यसको परिणाम हेर्न हामीले व्यापक तयारी गर्नुपर्छ।

**● द्विपक्षीय भेटवार्ताका क्रममा कतारका अमिर र प्रधानमन्त्रीबीच सहकार्यमा सहजीकरण गर्न संयुक्त कार्यदल बनाएर जाने सहमति भएको छ। उक्त कार्यदलले कहिलेसम्म मूर्त रुप लिन्छ र कुन कुन क्षेत्रमा काम गर्छ ?**

भेटमा प्रधानमन्त्री दाहालले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा कतार एयरलाइन्सको उडान होस् भन्ने कुरा राख्नुभएको थियो। नेपालले पर्यटन, कृषि र ऊर्जालाई प्राथमिकता दिएको अवस्था छ। कतार राजा अमिरले पनि यही विषयमा सम्भवानाको खोजी र अनुसन्धान गरेर त्यसका आधारमा लगानी गर्नका लागि संयुक्त कार्यदल बनाएर अघि बढ्ने बताउनुभयो।

कतारका अमिरको भ्रमण भर्खरै सम्पन्न भएको छ। म पनि केही समयमा कतार फर्किँदैछु। गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडानको बारेमा सकेसम्म छिटो काम थाल्नेछौँ। त्यसका लागि नेपाल आएको कतारी प्रतिनिधिसँग हामी चाँडै नै बैठक बस्नेछौँ। उच्चस्तरीय कार्यदल बनाउनका लागि मेरो प्रयत्न बलियो हुनेछ। तर यसमा मेरो प्रयत्न पर्याप्त समेत नहुन सक्छ। राजा अमिर स्वयंमूले बोल्नुभएका कारण पनि यसले विशेष महत्व राख्छ। उक्त कार्यदलले कृषि, पर्यटन र ऊर्जाको क्षेत्रमा हाम्रो अपेक्षाअनुसार लगानी भित्राउनेमा विश्वस्त छु।

नेपाल र कतारबीच लगानी सुरक्षासम्बन्धी सम्झौता भएको छैन। निजी क्षेत्रका लगानीकर्ताले आफ्नो लगानीको नाफा लैजान चाहन्छन्। त्यसका लागि पनि हामी गम्भीर रुपमा छलफल गर्छौं। भर्खरै कतारी राजाको भ्रमण सकिएको छ। अब नेपालबाट पनि कतारमा उच्चस्तरीय भ्रमणको निरन्तरताका लागि प्रयत्न गरिरहन्छौँ। यसलाई टुङ्गोमा पुर्‍याएरै छाड्छौँ।

**● नेपालले कतारसँगको श्रम सम्झौता पुनरावलोकन होस् भन्ने चाहेको थियो। तर यो विषय टुङ्गोमा पुग्न नसक्नुको कारण के होला ?**

नेपाल र कतारबीच श्रम सम्झौता भएको १८ वर्षसम्म पुनरावलोकन भएको छैन। हाम्रो पनि जोड उक्त सम्झौतालाई समयानुकूल बनाउन परिमार्जन गर्नुपर्छ भन्ने नै थियो। पछिल्लो समय उक्त विषयलाई नेपाल र कतारका तर्फबाट विश्लेषण गर्दा हामीले के भन्यौँ भने कतारले घरेलु कामदारको माग गरिरहेको अवस्थामा घरेलु कामदार लैजाने विषयलाई पनि श्रम सम्झौतामा समेटेर जानुपर्छ। अन्य क्षेत्रका श्रमिक र घरेलु श्रमिकको कामको प्रकृति धेरै अन्तर छ। घरेलु श्रमिकले झण्डै १८ घन्टा काम गर्नुपर्छ। लामो समय काम गर्दा पारिश्रमिक पनि सोही अनुसार तोकिनुपर्छ। घरेलु श्रमिकको खाने, बस्ने तथा सुरक्षाको सवाललाई घरबाहिर काम गर्ने श्रमिकसँग तुलना गर्न मिल्दैन। नेपालका तर्फबाट घरेलु कामदारका विषयलाई हतारमा नगरी दीर्घकालीन समाधान खोजेर जानुपर्छ भनेर अडान छाडेका छैनौँ। उक्त सम्झौता पुरानो भइसक्यो। अहिलेको बजार मूल्य धेरै माथि भइसक्यो। श्रमिकको आधारभूत पारिश्रमिक परिमार्जन गर्नुपर्छ भन्ने विषय नेपालले राखिराखेको छ।

कतारका तर्फबाट हेर्दा त्यहाँ नेपालको मात्रै नभई अन्य मुलुकको श्रमिक पनि ठूलो सङ्ख्यामा काम गरिरहेका छन्। कतारको श्रम कानुन निकै राम्रो छ। श्रम कानुनले कुनै पनि मुलुकका श्रमिकलाई कुनै विभेद् गरेको छैन। कतारमा आठ लाख बढी भारतीय, चार लाख बङ्गलादेशी, तीन लाख ५० हजार बढी नेपाली र त्यत्तिकै सङ्ख्या फिलिपिनी श्रमिक छन्। त्यसकारण कतारले नेपालसँग गरेको सम्झौताका आधारमा कतारमा काम गर्दै आएका सबै श्रमिकलाई त्यहीअनुसार सुविधा दिनुपर्छ। त्यसकारण एउटा देशले मात्रै श्रमिकको आधारभूत पारिश्रमिक टुङ्ग्याएर नहुने भए पनि नेपालका तर्फबाट निरन्तर यस विषयलाई छलफल गरेर एउटा समझदारीमा पुग्ने गरी अहिलेलाई छलफलकै क्रममा राखिएको छ। तर हामी आशा गरौँ, श्रम सम्झौता परिमार्जन दुवै देशको आवश्यकता हो। जतिसक्दो चाँडो हामी यसलाई निष्कर्षमा पुर्‍याउँछौँ।




**● यसमा केही समय निर्धारण गर्न सकिन्छ कि ?**

यो छलफलकै विषय हो। कतारलाई घरेलु कामदार चाहिएको छ। घरेलु कामदारका माग उच्च भएका कारणले चाँडो लैजाने भन्ने छ। किनकी नेपालीहरु इमान्दार छन्। नेपाली श्रमिकमा काममा जतिसुकै कठिनाइ भए पनि 'मुस्कान' सहितको सेवा दिन सक्ने क्षमता छ। नेपाली श्रमिकमा थकाइको महसुस छैन। त्यसैले कतारले नेपाली नागरिकलाई चाहेको छ। कतारको आवश्यकता भएको र बेरोजगार नेपाली युवाले रोजगारी पाउने भएकाले मिति नै किटान गरेर यति समयभित्र हुन्छ त भन्न सकिँदैन। यद्यपि, छिटो गर्नका लागि हामी दुवै पक्ष प्रयत्नरत रहनेछौँ।

**● घरेलु महिला श्रमिकको सुरक्षाको सुनिश्चितता नभएको भन्दै संसदीय समितिको निर्देशनमा सरकारले घरेलु कामदार पठाउन प्रतिबन्ध लगाएको छ। श्रम सम्झौतामा घरेलु काममा जाने महिला श्रमिकको सुरक्षाको प्रत्याभूति कसरी गर्न सकिन्छ ?**

अवैधानिक बाटोबाट गएका बाहेक, अहिलेसम्म वैधानिक रुपमा त्यहाँ घरेलु श्रमिक महिला हुनुहुन्न। वैधानिक हिसाबले नयाँ बाटो अवलम्बन गर्दैछौँ। त्यसका लागि मैले दुई जना पूर्व श्रममन्त्रीसँग पनि छलफल गरेको छु। वर्तमान श्रम मन्त्रीसँग पनि यस विषयमा छलफल गरिरहेका छौँ। मेरो प्रस्ताव के हो भने कुनै पनि महिला कामदारलाई लगियो भने उहाँलाई मोबाइल फोन उपलब्ध गराउने प्रावधान राख्नुपर्छ। मोबाइल फोनमा एउटा 'एप्स'को सहायताले सामान्य पढलेख गरेका व्यक्तिले समेत 'हो' र 'होइन' को उत्तर दिन सक्ने गरी उक्त व्यक्तिको अवस्थाबारे जानकारी लिने संयन्त्रको प्रयोग गर्न सकिन्छ। उक्त एप्सबाट उक्त व्यक्तिलाई सोधिएने प्रश्नमा मासिक रुपमा पारिश्रमिक पाएको छ, छैन ? कुनै किसिमको मानसिक तनाव दिइएको छ वा छैन ? भन्ने प्रश्नहरुसहितको रिपोर्ट दूतावास र कतार सरकारको निश्चित निकाय सन्देश जाने व्यवस्था गर्न सकिन्छ। यदि दुवैतर्फ सन्देशमा कुनै पनि समस्या देखिएमा दुवै सरकारबीचको प्रतिनिधिले समाधान गर्ने बाटोमा जानुपर्छ भनेर निरन्तर पहल गरिरहेको छु।

पारिश्रमिकको कुरा अत्यन्त महत्वपूर्ण छ। अहिले सरकारले तल्लो तहमा काम गर्ने श्रमिकको न्यूनतम् पारिश्रमिक मासिक एक हजार रियाल तोकेको छ। तीन सय रुपैयाँ खानाको पर्न आउँछ, पाँच सय रुपैयाँ आवासका लागि छ। आवासीय हिसाबले रोजगारदाता आफैँले व्यवस्था गर्दै आएका छन। पाँच सय रुपैयाँमा आवास पाइँदैन त्यहाँ न्यूनतम् पनि आवासका लागि पाँच हजार पर्न आउँछ, महँङ्गो पर्न आउँछ। यही हिसाबले घरेलु श्रमिकलाई एक हजार हिसाबले पारिश्रमिक दिएर काम गराउनु हुँदैन। कम्तिमा पनि दुई हजार हुनुपर्छ भन्दै आएका छौँ। हाम्रो नागरिकले दुःख नपाउन भनेरै हामी यसमा गम्भीर छौँ।

**● दक्षिण कोरिया र इजरायलमा जाने नेपाली श्रमिकले अन्य मुलुकका तुलनामा धेरै पारिश्रमिक पाउने गरेका छन्। कतारमा रहेका नेपाली श्रमिकको पारिश्रमिक बजार मूल्यअनुसार परिमार्जन हुन नसक्नु कमजोरी होइन र ?**

यो मेरो एकल प्रयत्नले सम्भव हुने कुरा हैन। अन्य देशका श्रमिकले पनि कतारमा समान पारिश्रमिकमा काम गरिरहनुभएको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनले पटकपटक बैठक राख्ने गरेको छ। त्यसमा हामी विभिन्न देशका प्रतिनिधिहरुले बजार मूल्यअनुसार पारिश्रमिक वृद्धिका लागि एक स्वरमा आवाज उठाउँदै आएका छौँ। अन्तरराष्ट्रिय श्रम बजारअनुसार पारिश्रमिक कायम गर्नुपर्नेमा जोड दिँदै आएका छौँ। मलाई खड्किएको अर्को विषय भनेको श्रमिकको मृत्यु पनि हो। वर्षेनी एक डेढ सय श्रमिकको मृत्यु भइरहेको हुन्छ। अधिकांश नेपाली श्रमिक कोठामा बसिरहेको समयमा वा अन्य कुनै ठाउँ अथवा कार्यालय/कामको समय बाहिर मृत्यु भएको देखिन्छ। त्यहाँ २४ घन्टे बीमाको व्यवस्था छैन। हामी श्रमिकको २४ सै घण्टा जीवन बीमाका लागिपरेका छौँ।

**● कतारका अमिरको भ्रमणका क्रममा दुबै देशका समाचार समिति रासस र क्युएनएबीच समाचार आदानप्रदान गर्ने सहमति भएको थियो। यसलाई कसरी हेर्नुहुन्छ ?**

राष्ट्रिय समाचार समिति (रासस) र कतार न्यूज एजेन्सी (क्युएनए)बीच समाचार सामग्री आदानप्रदान गर्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ। दुबै देशका लागि यो अत्यन्त महत्वपूर्ण कुरा हो। यसले दुई देशको सम्बन्धलाई जनस्तरमा दरिलो बनाउँछ। राससले उत्पादन गरेका समाचार क्युएनएमार्फत कतारका सञ्चारमाध्यमले र क्युएनएले उत्पादन गरेका समाचार राससमार्फत विभिन्न सञ्चारमाध्यमलाई प्रयोग गर्न सहज भई दुबै देशका जनता लाभान्वित हुनेछन्। यसले एकअर्काबीच सूचना आदानप्रदान हुने वातावरण बन्छ। अब कार्यान्वयन महत्वपूर्ण कुरा हो। अब हामी यसमा जुट्नुपर्छ। यसका लागि आवश्यक सहजीकरण गर्न म तयार छु।

**● अमिरको भ्रमणका अवसरमा नेपालले दुई वटा हात्ती उपहार दिने विषय चर्चामा थियो। तर यो विषयले छलफलमा प्रवेश पाएन नि ?**

कतारका तर्फबाट सन् २०१७, २०१८ र २०२१ मा तीन पटक चिडियाघरमा राख्नका लागि हात्तीको अनुरोध भएको रहेछ। म राजदूतका रुपमा गइसकेपछि यससम्बन्धी कागजात हेरेर उक्त विषयलाई पुनः अगाडि बढायौँ। कतारका अमिर नेपाल आएको सन्दर्भमा हात्ती उपहार दिने बारेमा मैले राष्ट्रपति, प्रधानमन्त्री र वन तथा वातावरणमन्त्रीसँग पनि कुरा राखेको थिएँ। कतारका अमिरको भ्रमण हुँदा हात्ती उपहार दिने भन्ने उच्चस्तरमा कुराकानी भएपछि हामी त्यो प्रक्रियामा लाग्यौँ। हात्तीको जीवन्तताका लागि पशु चिकित्सकसहित वन मन्त्रालयको टोली नै कतार गएर वासस्थानको अवलोकन गरेको थियो। उहाँहरुले केही सुझाव पनि कतारी पक्षलाई दिनुभयो। कतारका तर्फबाट पनि त्यहाँको चिडियाघरको निर्देशकसहितको टोली आएर यहाँ अध्ययन गर्‍यो। त्यसपछि नेपालका तर्फबाट उपहारका रुपमा दुई हात्ती दिने समझदारी थियो। अहिले पनि नेपालले हात्ती नदिने भन्ने होइन तर अन्तर्राष्ट्रिय नियम कानुनको सबैले पालना गर्नुपर्ने भइएको हुनाले प्रक्रियागत हिसाबबाट बाँकी रह्यो। प्रक्रिया नटुङ्गिँदै पठाउँदा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन हुन्थ्यो। अब अन्तर्राष्ट्रिय कानुनको पालना गरेर कतारलाई हात्ती उपहार दिँदा खासै फरक नपर्ने हुँदा अहिलेलाई यो 'पेन्डिङ' छ। प्रक्रिया पूरा भएपछि नेपाल सरकारले एक जोडी हात्ती उपहारस्वरुप कतारलाई हस्तान्तरण गर्छ।

## विदेश

# कोकाकोला ब्रान्डेड प्लास्टिक प्रदूषणको सबैभन्दा ठूलो उत्पादक

**क्यानबेरा, १४ वैशाख**

विश्वव्यापी रूपमा वातावरणमा पाइने ब्रान्डेड प्लास्टिक प्रदूषणमध्ये आधाभन्दा बढी ५६ कम्पनीबाट आएको अन्तर्राष्ट्रिय अनुसन्धानले देखाएको छ।

बिहीबार प्रकाशित एक अध्ययनमा अस्ट्रेलियाको राष्ट्रिय विज्ञान एजेन्सी राष्ट्रमण्डल वैज्ञानिक र औद्योगिक अनुसन्धान संगठन (सिएसआइआरओ)लगायत १२ अन्तर्राष्ट्रिय संस्थाहरूले प्लास्टिक प्रदूषणका लागि जिम्मेवारीको पहिलो मापन प्रदान गरेका छन्।

८४ देशमा फैलिएको पाँच वर्षको प्लास्टिक फोहोर अवलोकन कार्यक्रमको तथ्यांकमा आधारित अनुसन्धानमा सबै ब्रान्डेड प्लास्टिक प्रदूषणको आधाभन्दा बढीका लागि ५६ कम्पनी र प्रत्येक एक प्रतिशतभन्दा बढीका लागि १३ कम्पनी जिम्मेवार रहेको पाइएको छ।

कोकाकोला कम्पनी ब्रान्डेड प्लास्टिक प्रदूषणको सबैभन्दा ठूलो उत्पादक रहेको छ। यसले विश्वव्यापी कूल प्रदूषणमा ११ प्रतिशत योगदान गर्दछ। त्यसपछि पेप्सीको पाँच प्रतिशत, नेस्ले र फ्रान्सेली खाद्य कम्पनी डेनोन प्रत्येकको तीन प्रतिशत रहेको थियो। सबै १३ कम्पनी कम्तीमा एक प्रतिशत खाना, पेय पदार्थ वा सुर्तीजन्य उत्पादनका लागि जिम्मेवार थिए।

'यी खोजले वातावरणमा प्लास्टिक उत्पादन समाप्त हुन्छन् भन्नेबारे नयाँ अन्तरदृष्टि प्रदान गर्दछ र एकल–उपयोग प्लास्टिकलाई सम्बोधन गर्ने समाधानहरूको महत्त्वलाई प्रकाश पार्दछ,' सिएसआइआरओका अनुसन्धानकर्ता क्याथी विलिसले भनिन्, 'यसले नयाँ उत्पादनहरूका लागि विश्वव्यापी माग घटाउने र पुनः प्रयोग गर्ने र मर्मत गर्ने क्षमतालाई बढाउने सुरक्षित र दिगो उत्पादन डिजाइनहरू समावेश गर्दछ।'

समग्रमा अनुसन्धानले वातावरणमा ब्रान्डेड र गैरब्रान्डेड प्लास्टिक प्रदूषणको मात्रा ५०–५० मा विभाजित भएको फेला पारेको छ। विलिसले प्लास्टिक प्रदूषण पत्ता लगाउने क्षमता र जवाफदेहिता बढाउन प्याकेजिङको ब्रान्डिङमा सुधार ल्याउन अन्तर्राष्ट्रिय मापदण्डका लागि आग्रह गरिन्।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष**: आज धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ। आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्नेछ। प्रेमीको सुझाव अनुरूप कार्य सम्पन्न पनि गर्न सकिनेछ।

**वृष**: आज रोकिएका काम पूरा हुन सक्छ। धार्मिक क्षेत्रको भ्रमण हुनसक्छ। करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

**मिथुन**: महत्त्वपूर्ण कामको थालनी हुनेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला। सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। लक्ष्मी प्रसन्न हुने योग पनि छ।

**कर्कट**: स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ। सामान हराउने वा चोरी हुने सम्भावना छ। अभिभावकको सल्लाहअनुरूप चल्न सके समस्याबाट मुक्त हुन सकिनेछ।

**सिंह**: सामूहिक तथा रमाइलो सफल यात्रा हुनेछ। ठीक समयमा सही निर्णय लिन सकिनेछ। व्यवसायमा सफलता र आर्थिक सहयोग पनि मिल्नेछ।

**कन्या**: रोकिएका काम पुनः सुरु हुन सक्छन्। महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। लाभदायक यात्रा होला, तर पुँजी बजार भने कमजोर रहला।

**तुला**: धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। नयाँ काम सुरु गर्ने समय छ। चलाखीपूर्ण कार्य सिद्ध हुनसक्छ। भाग्यले विभिन्न अवसरपनि जुराउनेछ।

**वृश्चिक**: आज स्वास्थ्यमा खर्च बढ्नेछ। यात्रामा मालसामान हराउन सक्छ। सानातिना समस्यामा अल्झनुपर्नेछ। शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ।

**धनु**: स्वादिष्ट भोजनको विशेष अवसर मिल्नेछ। सवारी साधन खरिद गर्ने योग छ। आज पहेँलो रङ्गको पहिरन गर्नाले विभिन्न समस्याबाट जोगाउन सक्छ।

**मकर**: आज एकपछि अर्को अवसर आउनाले मनमा प्रसन्नता छाउनेछ। घरमा अतिथिको आगमन हुनेछ। साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्।

**कुम्भ**: आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। रोकिएको धन हात पर्ला। न्यायिक कार्यमा सफलता मिल्नेछ। व्यापारमा राम्रै धनलाभ पनि हुनेछ।

**मीन**: जिद्दीपनाले गर्दा काम बिग्रने र आफूलाई कमजोर भएको अनुभूति हुनेछ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ, तर साँझमा साथीको सहयोग पाइनेछ।

# प्रेमिका बनाउन चाहेको उनी आफ्नै हाकिम परेपछि



✍ दिपक तिमील्सेना



'अब, त अति भो ! रातभर मोबाइलमा च्याटिङ। खालि फेसबुक, मेसेन्जर!' आमा बुबा पनि आजित हुनुहुन्थ्यो ।

तर म भन्थेँ- अनलाइनबाट पैसा कमाउँदै छु ।

म न कहिल्यै घरमा दुई चार हजार ल्याएर दिन्थेँ न बुबाआमाले भनेको काम नै सघाउँथेँ। म त अपरिपक्व प्रेम पो थिएँ।

एकदिन मेरो फेसबुकमा एउटा फ्रेन्ड रिक्वेस्ट आयो। मैले तीन चार महिनासम्म एसेप्ट गरिनँ रिक्वेस्ट क्यान्सिल होला कि भनेर तर त्यस्तो भएन। एकदिन एसेप्ट गरेँ र हाई भनी पठाएँ। उताबाट पनि राम्रो नै जवाफ पाएँ। बिस्तारै दैनिक जस्तो राति कुराकानी हुन थाल्यो। उनी हेर्दा ठिकै देखिन्थिन्। तर पनि अलिअलि ठट्यौली पारामा कुरा गर्थें म। पट्याउने सोचमा डुबेको हुन्थेँ। यसरी नै करिब तीन चार महिना बित्यो। न मैले भेट्न भनेँ न कुनै गिफ्ट नै दिन सकेँ। तर दिऊँ पनि म कसरी, मसँग न पैसा थियो न म रोजगार थिएँ।

तीन महिनासम्म सम्बन्ध राम्रो नै चल्यो। त्यसपछि खटपट सुरु भयो। उनी सानो सानो कुरामा रिसाउँथिन्। म जहिल्यै सरी भन्थेँ। रातदिन उनको तस्बिर हेर्थें। यो माया होइन आकर्षण हो भन्थिन् उनी। उनको बोलीमा छुट्टै मिठास थियो, लाग्थ्यो कि स्वर्गमा छु म। तर एक दिन ऐना भुइँमा झरेझैँ चकनाचुर भयो ती सपनाहरू। उनको मनमा म बस्न चाहन्थेँ, बसे जस्तो पनि लाग्थ्यो तर यो मेरो कल्पना साबित भयो। त्यो भ्रम साबित भयो। उनको चाहना सायद अर्कै केही थियो होला। सायद उनी अर्कै केटा चाहन्थिन् वा अरू केही। उनलाई यो प्रश्न गर्ने हिम्मत मैले राखिनँ किनकि मलाई त सम्बन्ध बचाउनु थियो। मैले जिन्दगी भरको विषयमा सोचेको थिएँ, समय बिताउने होइन।

यत्तिकैमा 'एउटा कम्पनी छ मैले काम गर्ने, काम गर्छौ तिमी?' भनेर उनले भनिन्। मैले पनि हुन्छ भनिहालेँ, नकार्न सकिनँ। काठमाडौँ पसेँ। यसरी नै सँगै काम गरेको दुई तीन महिना हुन लाग्यो, खासै कुरा भएन।

सुरुसुरुमा प्रायः मलाई दिनहरू हुस्सु लागेको, अँध्यारो र नरमाइलो लाग्थ्यो। हरेक दिन त्यही अल्छीलाग्दो काम, त्यही समाज, त्यही छिमेकी, त्यही साथीभाइ। म त सबको कुरा सुन्दा सुन्दा आजित भइसकेको थिएँ। खै किन किन, मलाई सानामा विद्यालय पढ्दा नि चैन थिएन। शिक्षकको जहिलेकै कुटाइले लाग्थ्यो कि विद्यालय नजान पाए पनि हुन्थ्यो। तर अहिले अफिस जान र काम गर्न साह्रै जाँगर लाग्छ किनकि त्यहाँ मेरी उनी छिन्।

फेसबुकमा विगतमा जेजस्तो भए पनि उनी मलाई सुरुदेखि नै जहिले अफिस पुग्दा गूड मर्निङ भन्थिन्। मैले सुरुमा कहिले भन्नु पर्दैन थियो। मेरो मनमा अनेक कुरा खेल्थे। साँच्चिकै आहा! आवाज पनि कस्तो मिठो! कति राम्री! अझ त्यो हरहर बास्ना आउने पर्फ्यूम मेरो मनलाई त के दिल दिमाग सबलाई जित्थ्यो।

उनले हरेक दिन 'खाना खानुभयो? कस्तो छ तपाईंलाई? सञ्चै हुनुहुन्छ? यु मेक माई डे। आजको दिन कस्तो रहला है?' जस्ता भन्थिन्। फेसबुकमा भन्दा धेरै राम्री। म भने 'अँ ठिक छ नि, तपाईंको के छ? दिन राम्रो नै होला नि' भन्थेँ र आफ्नो काम गर्थें। तर अझ उनीलाई धेरै कुरा गर्न, मलाई जान्न मन थियो होला तर म मेरो पारिवारिक समस्यामा अल्झिएको थिएँ। डर लाग्थ्यो गरिब मान्छे म कसरी कुरा गर्नु धेरै।

कामका अलावा म बिहान बेलुका पठाओ गर्थें। घरको आर्थिक अवस्था कमजोर अनि जागिरे अनुभव पनि खासै नबटुलेको। यस्तै यस्तै गुण त मसँग थियो। उनी भने साँच्चै देवी जस्ती थिइन्। उनको घर काठमाडौँमा थियो। प्रायः खाजा उनी घरबाट ल्याउँथिन्। खाजा खाने बेला सबलाई बाँडेर खाऊँ न है भन्थिन्। मलाई भने विशेष रूपले भने जस्तो लाग्थ्यो। मैले खाजा नखाए पनि खाइसकेँ भन्थेँ तर मेरो स्वर, स्वभावले उनलाई थाहा हुन्थ्यो कि म भोको छु।

उनी बस् चुप बस्थिन् र मलाई खाजा बढी हुन्छ तपाईं खानुस् भन्थिन्। मलाई हेपेको जस्तो लाग्थ्यो। अफिसमा त्यतिका स्टाफ हुँदाहुँदै मलाई मात्र किन! उनको अर्को तर्क सुन्थेँ र बाँकी खाजा खाइदिन्थेँ। उनी भन्थिन् कि 'यो लक्की ड्र हो, जसले मेरो खाजा धेरै खान्छ एक महिनासम्म उसलाई म नयाँ आइफोन गिफ्ट दिन्छु। मैले हतार हतार खाजा खान जान्थेँ, सबै उनको नजिक झुम्मिन्थेँ। म भने अलि टाढा नै बस्थेँ किनकि हाम्रो बारे सब स्टाफलाई थाहा नहोस् भनेर। उनको खाजा भने मैले पनि अलिअलि बुत्याउँथेँ।

एक दुई दिन गर्दै दिनहरू बित्दै थियो। अब आइफोन सप्राइज कसले पाउला त भन्नेमा होडबाजी थियो। मलाई पनि पूर्ण विश्वास थियो कि यो गिफ्ट मेरा लागि नै हो। यसरी नै महिना बित्यो, कम्पनीका सम्पूर्ण कर्मचारी राखी बोर्ड मिटिङ बस्ने भयो। आज कम्पनीमा नयाँ कर्मचारी आउने लक्षण देखिएको थियो। उद्घोषकले कार्यक्रम सञ्चालन गर्‍यो। एक घण्टापछि कम्पनीको नयाँ कार्यकारी प्रमुख तोकिने वाला थियो। को हुन त नयाँ सिइओ? हामी सब जना जान्न उत्सुक थियौँ किनकि करिब तीन सय मिलियन डलर बराबरको कम्पनी जो चलाउने वाला थियो।

यसैबीच एक आवाज आयो। 'वेलकम टु आवर ओनर' भन्दै बोसलाई बोलाएर उद्घोषकले बिदा लियो। बोसले करिब दुई मिनेट बोल्नुभयो तर ती कुराहरू सबै कर्मचारीको लागि साधारण थिएनन्। किनकि त्यहाँ एक व्यक्ति हाम्रो सामुन्ने भएको, सँगै काम गरेको साथी, तर आज कम्पनीको मालिक बन्दै थिइन्। हो, उनी मेरी प्रेयसी नै थिइन्। सारा नाम थियो उनको। जब बोसले उनको नाम लिए म अक्क न बक्क भएँ। यति धनी केटी कसरी यस्तो साधारण जीवन यापन गर्न सक्छिन्? कसरी यति साधारण काम गर्न सक्छिन्? म चकित परेँ।

उनको आँखामा भने छुट्टै चमक थियो। सबैले उनलाई बधाई दिए। मैले पनि बधाई छ मिस भनेँ। धन्यवाद भन्दै उनी स्टेज तिर लागिन्। मेरा सपना, कल्पना जे भन्नु सब टुट्दै थिए। मलाई के भन्ने के गर्ने भयो। अलिअलि लाज भए जस्तो, अलि अलि हीनताबोध भएजस्तो खसखस खसखस भई नै रह्यो। साँच्चै जीवनमा यस्तो कसरी हुनसक्छ ?

यत्तिकैमा उनी स्टेज चढिन् र आफ्ना अभिव्यक्ति प्रकट गरिन्। सर्वप्रथम धन्यवादसहित सबेलाई अभिवादन गरिन्। मसिनो स्वरमा आफू सानो पोस्टमा काम गर्दा मज्जा आएको र स्टाफहरू इमानदार, मेहनती र मिलनसार भएको कुरा गरिन्। उनले आफ्नो बाचा पनि पूरा गर्ने निर्णय सुनाइन्। मलाई कता-कता छुट्टै अनुभूति हुन थाल्यो, उनीप्रति अझ माया बढ्दै थियो।

यसै बीच एउटा आवाज सुनेँ- 'द लक्की विनर ईज मिस्टर रोमन।'

मेरो मुटुको हावा फुस्कियो। मसँगै काम गर्ने साथी आज आइफोनको भागिदार भयो। त्यो पनि मेरो प्रिय मान्छेसँग म निराश हुँदै कोठा फर्किएँ। मलाई खासै कसैले ध्यान दिएनन्। रुम नजिक पार्कमा आई धेरै बेर रोएँ। पछि आफ्नो त औकात नै छैन भनी चित्त बुझाएँ। यसरी भोलिपल्ट अफिस दुखी हुँदै जाँदै गर्दा एउटा खबर सुनेँ कि कम्पनीका १०० कामदारलाई प्रमोसन गरियो। म पनि खुसी हुँदै गएँ। कम्पनीको सबै जनाको बढुवा भएको थियो तर मेरो नाम लिस्टमा नै थिएन।

म अफिस जाँदा सबैले मलाई हेरेर हाँसे, गिज्याए, मजाक उडाए। कस्तो अभागी मान्छे यो भनेर गिराए। सबले मेरो पार्टी यति गते, तिम्रो कहिले सोध्दै थिए। एकाएक सिइओ मेरो अगाडि आइन् र भनिन्– 'तिमी मसँग मेरो क्याबिनमा आऊ।'

मलाई निकाल्न लागेको अथवा के गल्ती गरेछु कि मेरो प्रमोसन पनि भएन भन्ने लाग्यो। म निन्याउरो मुख लगाउँदै क्याबिनभित्र पसेँ। उनले 'दिपक के छ भनिन्?' मैले ठिक छु भनेर सटिक उत्तर दिएँ। उनले एउटा खाममा चिठी राख्दै भनिन्– 'गेट आउट फ्रम हेयर, यु आर फायर।'

म यो शब्द सुन्ने बित्तिकै खाम हातमा लिई रुमतिर लागेँ। जागिर खोज्न लागेको दुःख, जागिरमा टिक्न गरेको दुःख सम्झिएँ। परिवारको हालत सम्झिएँ। रात पूरा रोएर बित्यो। बिहान उठेँ, नयाँ काम खोज्न जानुपर्‍यो भनेर रुम बाहिर निस्किएँ। यसो सोचेँ, उनको सिग्नेचर चाहिँ कस्तो होला? फेरि भित्र पसेँ। खाम मैले डस्टबिनभित्र फालिसकेको थिएँ। त्यसमाथि पानी र फोहोर पनि थियो। तर उनको सिग्नेचर कस्तो होला भन्ने कौतूहलताले मलाई आजित बनायो।

यसो खाम खोलेर हेरेको त 'द बेस्ट इम्प्लोइ अफ द मन्थ' अवार्ड मलाई दिइएको रहेछ। साथमा बाह्र लाखको चेक पनि रहेछ। म खुसीले गद्गद् हुँदै अफिस लागेँ। अफिसमा सबै फूल र माला लिएर मेरो पर्खाइमा रहेछन्। सब जना बधाई सर भन्दै मसँग हात मिलाउन थाले।

यसैबीच गार्डले आएर मलाई सलाम ठोक्दै जय नेपाल साप भन्यो। यो त सिनियर मेनेजिङ डाइरेक्टरलाई भनिने वाक्य थियो जुन आज मलाई भनिएको थियो। म हर्षित भएँ कि कम्पनीको सम्पूर्ण गतिविधि मैले हेर्ने भएँ। उनले पनि मलाई बधाई दिइन् र भनिन्– 'बधाई छ टिम मेट।

**लघुकथा**

## भोट किन ?



✍ मन्दिरा चापागाईं
सभापोखरी गा.पा. १ संखुवासभा

"नविनाको आमा ,एक्लै भोट हाल्न जाँदैछौ छोरी खै त ?" छिमेकी कमलाले सोधिन्।

"खै, नपढेको मूर्ख भन्दा पढेलेखेको महामूर्खलाई पो सँम्झाउनु गार्हो हुदोरछ। हाल्नु पर्याछैन् भोटसोट भन्छ।"

नविनाकी आमालाई भोट माग्न आउँनेले भोज ख्वाएर पाँच हजार नि दिएको थियो। मोटर बाटो बनाईदिने र गाउँमा बिजुली ल्याईदिने आस्वासन पनि दियाको थियो।

"मार्छ त्यसले। त्यत्रो पैसो कहाँबाट तिर्नु? छोरीलाई संझाईदेउन कमला" उनले दुख बिसाइन्।

"ए नविना , किन झोक्राएर बसेको ? भोट हाल्न जानुपर्छ नानी, यो त हाम्रो अधिकार रे ।घर गनेर गाको छ, भोट पुगेन भने मार्छ। फेरि उसको नून खाको छ भन्दैथिन।"

"मारोस् न त। हामी बाँचेकै पो कहाँ छौं र ? हाम्रो नाममा राजनीति गर्नेहरुलाई पाठ सिकाउँन नि भोट हाल्नुहुन्न काकी।" काकीलाई बोल्न नदिई ऊ भन्दै गई, "हामीले मासुभात ख्वाउ भनेको हो र ? पैसा माग्दै हिडेको थियो र ? किन चाहियो बाटो हाम्लाई ? हाम्रो शरीर लुछ्न आउँनेहरु बाटो नभएर आको छैन र ? कुमारित्वको मूल्य त्यसको पैसाले फिर्ता आउँछ ? गरिबीको नाममा कहिले सम्म बेचिने हामी ? समाजले हामीलाई गरेको तिरस्कारको दाग केले मेटिन्छ ? हाम्रो शरीर चल्छ जात चल्दैन।"

यहीं नदि किनारबाट नि लखेट्यो भनें कहाँ गएर ओत लाग्ने ? काकीले सम्झाउँने प्रयास गरिन्। "हामी यो देशका नागरिक होइनौं ? हामीलाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको अवसर चाहिंदैन ? अध्यारोमा सपनाकी रानी बनाउँछु भन्दै शरीरसङ्ग खेल्नेहरु उज्यालो भएपछि हामीलाई घृणा गर्छन् किन ? मैले भनेको मान्नुस् काकी चुनाव बहिस्कार गरौं" नवीनाले आक्रोश पोखी।

'बाबु छोरीको शरीर बेच्ने ग्राहक खोज्दै हिँड्छ।आमा अवोध छोरीको कुमारित्व लुटाउँछे' काकी सोच्दैथिईन्।

हामी बादी समूदायको पीडा र चित्कारले मुटु नछुने नेतालाई भोट किन दिनु किन ??

**लघुकथा**

## गाँठी कुरो



✍ इन्दिरा चापागाईं
सभापोखरी गा.पा. १ संखुवासभा/
हाल सूर्यविनायक न.पा. ५, भक्तपुर

"मेडम अनार जुस खानूस् त ।उसै पनि ग्यास्ट्रिकको बिरामी ।खान मिल्ने कुरा ट्याम ट्याममा खाने गरे पो ठीक हुन्छ " विरेले जुसको ग्लास दिँदै भन्यो ।विरेको मुखमा हेर्दै पिई।

सोहन सधै काम काम भन्दै सबेरै हिड्ने, रक्सीले मातेर राती आउँने गर्थ्यो। नभ्याउँने, सन्चो बिसन्चो नसोध्ने बुढाको बानी व्यवहार सम्झेर सहनशीला झोक्राइरहेकी थिई।

केही भनेर सम्झायो कि 'यो सब तेरै लागि त गरिरहेछु, किन बुझ्दिनस् मलाई?' भनेर आफ्नै कुरा माथि पार्थ्यो ।जागीर खान्छु भन्दा पनि घर बाहिर निस्किन दिदैनथ्यो। फेसबुकमा साथीभाईका जोडी घुमघामका तस्विरहरु देख्दा उसलाई मन थामिनसक्नु हुन्थ्यो। विरेले सदा झैं आज पनि मेडमको अनुहार मलिन देख्यो।

"साब खराब मान्छे होइन ।दुख नमान्नूस् मेडम ।म पनि छु त ।ल यो औषधि खानूस्।" पानीको ग्लास र औषधि दिदै विरेले भन्यो।

"किन मलाई यति धेरै माया गर्छस् विरे?" भावुक हुँदै सोधी।

विरे केही बोल्न सकेन ।दुवैका आँखा रसिला भए।

माइतमा सुनायो भने पनि त्यति असल ज्वाइलाई दोष नलगा। त्यत्रो घर सम्पतिको मालिक्नी बनाएर सुखले पालेका छन् भन्थे ।के गर्ने के नगर्ने दोधार र खिन्नतामै उसले दुई वर्ष बिताईसकेकी थिई। उसलाई एकदमै निस्सासिए जस्तो लाग्थ्यो ।सुनको भए पनि पिंजडा त पिंजडा नै हो नि, कैद।

आज उसले विरे बाहेक यो संसारमा आफ्नो कोही देखिन। मनको बाँध फुटेर आयो। विरेलाई गम्लङ्ग अंगालो हाली ।सोफामा बसाई र बेस्सरी कसी , मानौ विरेलाई कसैले खोसेर नलगोस् ।उसका ताता आँशुको केही थोपाले विरेको मुख नुनीलो बनाएँ ।यतिकैमा बुढो आइपुग्यो। डराइरहेको विरे थरर्र काम्न थाल्यो तर अंगालोबाट फुस्किन पाएन।

"ए चरित्रहीन आइमाई! यो के चर्तिकाला हो?" सोहन आँखाबाट आगोको लप्का निकाल्दै आइलाग्यो। ऊ पनि रणचण्डी रुप देखाउँदै प्रतिकारमा उत्री, "जबरजस्ति सधै चल्दैन महासय! केही नारी सम्पतिका भोका होलान् तर सबै नारी मायाँका भोका हुन्छन्, कुरा बुझ।"

# भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कर्णाली प्रदेश, नेपाल

**सडक बोर्ड अन्तर्गतका सडक मर्मत कार्यहरुको दररेट पेश गर्ने सूचना**

**मिति : २०८१/०१/१४**

प्रस्तुत बिषयमा यस नगरपालिका र सडक बोर्ड नेपालको लागत साझेदारीमा तपशिलमा उल्लेखित योजनाहरुको सडक मर्मत निर्माण कार्य गर्नुपर्ने भएको हुदा यस कार्यालय बाट सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र (मिति २०८१/०१/२० गते दिनको ५:०० बजे) सम्मा ईच्छुक सप्लायर्स/फर्महरुले भेरिगंगा नगरपालिकाको वेवसाईट www.bherigangamun.gov.np मा यसै सुचना साथ राखिएको BOQ भरि सुचिकृत भई आफ्नो दररेट सिलबन्दी गरि नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सरोकारवालामा यो सूचना प्रकाशित गरिएको छ।

**नोट: म्याद नाघी पेश भएका दर रेट मान्य हुने छैन, दर्ता गर्ने ।**

| क्र.स. | कार्यक्रमको नाम | अधिकतम रकम रु. (भ्याट बाहेक) | आवश्यक कागजपत्रहरु |
|---|---|---|---|
| १. | गुराँसे देखि वडा कार्यालय जाने सडक मर्मत वडा नं.१ | रु.५,९९,४१४.४१ | १.आ.वा.२०७९/०८० को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि ,<br>२.फर्म सप्लायर्स र ब्यबसाय दर्ता र नबिकरण संग सम्बन्धित कागजपत्रहरुको प्रतिलिपि<br>३.सुचिकृत भएको रसिद तथा प्रमाणको प्रतिलिपि |
| २. | मोहटि सडक मर्मत वडा नं.२ | रु.६,००,९२८.१२ | |
| ३. | छिन्चु जाजरकोट सडकको बिजय टोल देखि वडा कार्यालय जाने सडक मर्मत वडा नं.८ | रु.५,५६,६४९.१९ | |
| ४. | प्रगतिटोल नाच्ने खोला पुल बाट महतारा टोल जाने सडक मर्मत वडा नं.९ | रु.५,५७,००१.९८ | |
| ५. | ईलाका प्रहरी कार्यालय देखि सिम्ताली चोक सम्मको सडक मर्मत वडा नं.१२ | रु.५,५२,४२३.९० | |

**मान बहादुर ठाडा**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

## गजल



✍ पम्फा बोहरा

जिन्दगानी बिहानी हुने हौसलामा
बिताएछु अनेक रात

किसान मंसिरमा बालिसङ्ग यस्तै
बह पोख्छ गोरुसङ्गै हलामा बिताएछु
अनेक रात

समयले सार्दैसार्दै पुर्याइदियो
बुढेसकालमा युवा, वयस्क,
अबलामा बिताएछु अनेक रात

अरुलाइ मुस्कुराउन सिकाइरहदा
गुम्सिएर गमलामा बिताएछु अनेक
रात।

चिसो भुइको तलामा बिताएछु
अनेक रात सास रोकिएकै गलामा
बिताएछु अनेक रात

औशिको अन्धकार झै भए पनि

## कविता : युगदृष्टि

✍ सुदेश सत्याल
देवघाट-६, तनहुँ

कति लाउनु जीवन भागहरू ?
किन बाघ बने अनुरागहरू
अझ गोमनले सरकार किन्यो
हकले हककै अधिकार छिन्यो ॥

अधिनायकतुल्य बन्यो अवधि
किन स्वच्छ हुँदैन मनुष्य -नदी ?

धमिलो सपना जब पारि तर्यो
जलले जलकै उपहास गर्यो ॥
चलचित्र बनाउँछ ईश्वरले
व्यवधान गर्यो परमेश्वरले
किन नायकले धुमधाम गर्यो
सुखले सुखकै बदनाम गर्यो ॥

किन हाँस्दछ रावण रामसँगै
अपराध उदाउँछ घामसँगै
न त सत्य कुनै पहिचान गर्यो
भयले भयकै जयगान गर्यो ॥

जब हाँस्छ गुराँस कपालनिर
किन फूल चढाउनु पाउतिर
विधिले किन तुच्छ विधान गर्यो
शिरले शिरकै अपमान गर्यो ॥

कुन राम यहाँ कुन श्याम यहाँ
सब रूप र रङ्ग हराम यहाँ
न त कोकिलले नवराग भर्यो
युगले युगकै प्रतिवाद गर्यो ॥

## बजेट...

पुग्यो।' उनले भने,'बजेट पर्याप्त भए तोकिएकै समयमा काम गर्न सकिन्छ।'

न्यून बजेट हुँदा काम गर्न कठिन भइरहेको आयोजना प्रमुख आचार्यले बताए। 'बजेट अभाव हुँदा समयमै ठेक्का लगाउन नसकिएको, काम अपुरो हुनेगरेको, थप बजेट माग गर्नका लागि अर्थ मन्त्रालयमा धाइरहनुपर्ने लगायतका समस्या हुने गरेछ।' उनले भने,'सरकारले हरेक वर्ष नयाँ शहर आयोजनाका लागि बजेट विनियोजन गर्ने गरेको छ। पछिल्लो समय सरकारले बजेट कटौती गर्ने गरेको छ।'

अघिल्लो आर्थिक वर्षमा २५ करोड बजेट पठाएको सरकारले चालू वर्ष बजेट कटौती गरेको छ। चालु आर्थिक वर्ष २०८०/८१ मा १७ करोड मात्र बजेट विनियोजन गरेको हो। जसले गर्दा काम गर्न समस्या हुने आयोजनाले जनाएको छ। आयोजना निर्माण सम्पन्न गर्न दुई अर्ब बजेट लाग्ने अनुमान गरिएको छ।

## अझै...

आर्थिक वर्ष २०७२/०७३ बाट बसपार्क निर्माणको काम सुरु भएको थियो।' उनले भने,' एकीकृत सामुदायिक भवन, कृषि उपज संकलन केन्द्र, कार्यालय भवन तथा कर्मचारी आवसगृह निर्माणको काम भइसकेका छन्।'

आयोजनाले बजार क्षेत्रमा १० किलोमिटर सडक कालोपत्रे र ५२ किलोमिटर नयाँ सडक निर्माण काम भएको आयोजनाका प्रमुख आचार्यले जानकारी दिए। 'सडक ढल व्यवस्थापनसहित ग्राभेल गर्ने काम सञ्चालन गरिरहेको छ।' उनले भने,'बजार क्षेत्रमा पनि ढल निकासको काम भइरहेको छ।'

भौतिक पूर्वाधार निर्माणको कामले गति लिएको भएपनि आवश्यकता अनुसारको बजेट नआउँदा समस्या भएको आयोजनाका प्रमुख आचार्यले जानकारी दिए।

बजार क्षेत्रमा सौर्य बत्ती जडान गरिएको थियो। सौर्य बत्ती जडान भएपछि रातको समयमा उज्यालो हुँदा सहज भएको स्थानीय व्यापारी सुरेश ओलीले बताए। जग्गा विकास योजनाअनुसार नगरपालिकाको वडा १ मा पाँचसय ८० रोपनी जग्गा सरकारको नाममा सारिएको छ। सो क्षेत्रमा पूर्वाधारयुक्त संरचना निर्माण गरेर पुनः स्थानीयलाई नै जग्गा हस्तान्तरण गरिनेछ। सो क्षेत्रमा ११ किलोमिटर सडक निर्माण हुनेछ।

यसका साथै एकीकृत सामुदायिक भवन, कृषि उपज संकलन केन्द्र, कार्यालय भवन तथा कर्मचारी आवास गृह निर्माणको काम अन्तिम चरणमा पुगेको नयाँ शहर आयोजना कार्यालय चौरजहारीले जनाएको छ।

# लगानी सम्मेलनमा १५१ परियोजना प्रस्तुत गरिँदै

**हेमन्त जोशी/रासस**
**काठमाडौँ, १४ वैशाख ।**

मुलुकमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याएर कलकारखाना, उद्योगधन्दा स्थापनालगायत आर्थिक उन्नयनका परियोजना कार्यान्वयन गर्ने लक्ष्यका साथ आयोजना हुन तेस्रो लगानी सम्मेलनमा एक सय ५१ परियोजना प्रस्तुत गरिने भएको छ ।

पर्याप्त पूँजी, प्रविधि र मानव संसाधनको लागि सरकार र निजी क्षेत्रका साथै बाह्य लगानी पनि आवश्यक भएकाले समग्र देशको विकासमा योगदान गर्ने ठानिएका ती परियोजना आगामी आइतबार र सोमबार यहाँ आयोजना हुने सम्मेलनमा प्रस्तुत हुनेछन् । लगानी बोर्डको ५८औँ बैठकले ती परियोजनाका निम्ति आशयपत्र माग, लगानीकर्तासँग परियोजनाबारे विस्तृत छलफल गर्ने निर्णय गरेको छ। सम्मेलनामा सबैभन्दा धेरै ऊर्जा क्षेत्रका ३१ वटा आयोजना समावेश गरिएका छन् ।

बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायका अनुसार यातायात क्षेत्रका १९, खानी तथा खनिजजन्य क्षेत्रका १३, पर्यटन क्षेत्रका १३, कृषिका १४, उत्पादन क्षेत्रका पाँच, औद्योगिक पूर्वाधार तथा व्यापारसम्बन्धी सात, स्वास्थ्य तथा शिक्षा क्षेत्रका तीन, सञ्चार तथा सूचना प्रविधि क्षेत्रका दुई, पानी आपूर्तिका चार र सहरी विकास क्षेत्रका छवटा परियोजना छन् । निजी क्षेत्रबाट प्रस्तुत ३१ वटा परियोजना पनि बाह्य लगानीका लागि समावेश गरिएको छ। प्रत्यक्ष वैदेशिक लगानीका लागि लगानीकर्तालाई आमन्त्रण गरिने ती परियोजना यी हुन् :

**यातायात क्षेत्रका १९ आयोजना** : बेथानचोक नारायणथान दर्शन केबलकार, काठमाडौँ चक्रपथ विद्युतीय बस 'र्‍यापिड ट्रान्जिट' प्रणाली आयोजना, चन्द्रागिरी-चित्लाङ-पालुङ-चितवन द्रुतमार्ग (एक्सप्रेस वे) आयोजना, चितवन-रामपुर-बुटवल द्रुतमार्ग आयोजना, चितवन-रामपुर-पोखरा द्रुतमार्ग आयोजना, विद्युतीय सवारीसाधनका लागि 'फास्ट चार्जिङ स्टेशन', सुदूरपश्चिम सार्वजनिक यातायात आयोजना, मधेस प्रदेश सार्वजनिक यातायात परियोजना, पाटन ढोका, जावलाखेल र लामाचौरमा बहुतले पार्किङ निर्याण परियोजना, मलेखु-लोथर सडक र सुरुङ परियोजना, दाउन्ने खण्ड रोड सुरुङमार्ग, हेम्जा-नयाँपुल खण्डसडक सुरुङमार्ग आयोजना, मिर्चैया-कटारी-घुर्मी सडक आयोजना, धरान लेउती रोड सुरुङमार्ग आयोजना, मेट्रो रेल १: सातदोबाटो-रत्नपार्क-नारायणगोपाल चोक, मेट्रो रेल २: कीर्तिपुर-कालीमाटी-नयाँ बानेश्वर-एयरपोर्ट, मेट्रो रेल ३: कोटेश्वर-चाबहिल-स्वयम्भु-कोटेश्वर, आधुनिक टर्मिनलसहितको बसपार्क परियोजना, पोखरा महानगरपालिका र पोडवे आयोजना पोखरा महानगरपालिका रहेका छन् ।

**पर्यटन पूर्वाधारका १७ आयोजना** : खप्तड एकीकृत पर्यटन विकास आयोजना, प्रदर्शनी केन्द्र परियोजना, पोखरा महानगरपालिका, मूलबारी-सौनेथुप फुट ट्रेल (ह्वाइट वाल) परियोजना, बेगनास-रुपताल जल खेलकुद आयोजना, पोखरा महानगरपालिका, जानकी हेरिटेज होटल तथा सांस्कृतिक गाउँ परियोजना, लुम्बिनी करिडोरका पालिकाहरूमा 'इलेक्ट्रिक मोबिलिटी करिडोर' विकास आयोजना, 'ग्रेटर लुम्बिनी टुरिस्ट सर्किट' यातायात परियोजना, नुन्थर फिल्म सिटी परियोजना, मनोरञ्जन पार्क बागमारा, चितवन, रुद्रपुरगढी पर्यटन आयोजना, बढिमालिका पर्यटन विकास परियोजना, मुडी पर्यटन विकास परियोजना, ग्रेट हिमालयन ट्रेल पर्यटन परियोजना, दोलखा फिल्म सिटी परियोजना, पोखरा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र तालतलैया बहुउद्देश्यीय पर्यटन आयोजना ।

**भौतिक पूर्वाधारका पाँच आयोजना** : काँच (ग्लास) उत्पादन परियोजना, डाबर नेपाल प्रालि क्षमता विस्तार तथा उत्पादन विविधीकरण, ग्रीन हाइड्रोजन एण्ड अमोनिया प्लान्ट, सूर्यतारा सिमेन्ट उद्योग प्राइभेट लिमिटेड र कागज कारखाना परियोजना ।

**कृषि विकासका १५ आयोजना** : एकीकृत 'फिस ह्याचरी', सुविधासम्पन्न रिसोर्ट निर्माण, वधशाला निर्माण एवं सञ्चालन, चियाको विद्युतीय लिलामी (ई-अक्सन) केन्द्र स्थापना र सञ्चालन एवं गोदाम निर्माण, छुर्पी (डग च्यु) निर्यात प्रवर्द्धन र गुणस्तर सुधार परियोजना, शीत भण्डारगृह (कोल्ड स्टोरेज)को स्थापना परियोजना, जैविक मलको नमूना परियोजनाको विकास, उत्पादन तथा अनुसन्धान केन्द्र, अदुवाको मूल्य शृङ्खलामा लगानी प्रवर्द्धन योजना, अलैंची आपूर्ति शृङ्खला सुधार तथा व्यापार अभिवृद्धि परियोजना, आलु मूल्य शृङ्खला परियोजना, टिमुर (सिचुआन पेपर) मूल्य शृङ्खला परियोजना, सेम्लार बजार निर्माण, बुटवल, कृषि वन परियोजना (रबर) र पोल सिजनिङ एण्ड ट्रिटमेन्ट प्लान्ट ।

**औद्योगिक पूर्वाधार र व्यापार क्षेत्रका सात आयोजना** : दैजी औद्योगिक क्षेत्र, शक्तिखोर औद्योगिक क्षेत्र, सिमरा विशेष आर्थिक क्षेत्र (सेज)मा औद्योगिक क्षेत्र विकास परियोजना (ब्लक डी एण्ड ई), पाँचखाल सेज, सिमरामा विशेष आर्थिक क्षेत्रको विकास तथा विस्तार (ब्लक बी र सी), चीन-नेपालमैत्री औद्योगिक पार्क र गोदाम (वेयरहाउस) परियोजना, पोखरा महानगरपालिका ।

**ऊर्जा क्षेत्रका ३१ परियोजना** : बेतान कर्णाली अर्धजलाशययुक्त (पीआरओआर) जलविद्युत् आयोजना (चार सय ३९ मेगावाट), हुम्ला कर्णाली जलविद्युत् आयोजना (६१ दशमलव ०२ मेगावाट), माथिल्लो चमेलिया जलविद्युत् आयोजना (५३ दशमलव ८५ मेगावाट, कोखाजोर स्टोरेज जलविद्युत् आयोजना (६३ मेगावाट), कन्काई बहुउद्देश्यीय आयोजना (६० मेगावाट), कवाडी खोला जलविद्युत् आयोजना (३० मेगावाट), तम डोगर बुढीगण्डकी जलविद्युत् आयोजना (४० दशमलव २० मेगावाट), सुपर बुढीगण्डकी जलविद्युत् आयोजना (३४ दशमलव ९३ मेगावाट), 'कम्प्रेस्ड बायो ग्यास प्लान्ट' परियोजना, माथिल्लो मर्स्याङ्दी-२ जलविद्युत् आयोजना, ग्रीड जडित कोहलपुर सौर्य परियोजना (मेगावाट पिक) र बाणगङ्गा (४० मेगावाट) परियोजना, नौमुरे बहुउद्देश्यीय आयोजना (दुई सय ८१ दशमलव ०४ मेगावाट), खिम्ती शिवालय जलाशययुक्त जलविद्युत् परियोजना (एक हजार दुई सय १६ मेगावाट), कालीगण्डकी-२ जलाशययुक्त जलविद्युत् आयोजना (छ सय ५० मेगावाट), भारभुङ स्टोरेज जलविद्युत् आयोजना (तीन सय ३७ दशमलव एक मेगावाट), कर्णाली चिसापानी वायु ऊर्जा आयोजना (१० मेगावाट), नलगाड जलाशययुक्त जलविद्युत परियोजना (चार सय १७ मेगावाट), इनरुवा-अनारमणि चार सय केभी प्रसारण लाइन र सबस्टेशन निर्माण, अरुण हब (सितलपाटी-इनरुवा चार सय केभी ट्रान्समिसन लाइन र सबस्टेशन) परियोजना, तिङ्ला-दुधकोशी-ढल्केबर चार सय केभी प्रसारण लाइन र सबस्टेशन, मातातीर्थ-दुकुछाप दुई सय २० केभी प्रसारण लाइन परियोजना, दुकुछाप-टेकु दुई सय २० केभी प्रसारण लाइन आयोजना, तिङ्ला हब-नयाँ खिम्ती-सुनकोशी-ढल्केबर चार सय केभी प्रसारण लाइन परियोजना, बुढीगण्डकी करिडोर (फिलिम-गुम्बा-रातामाटे) चार सय केभी प्रसारण लाइन परियोजना, दमौली-कुश्मा-बाफिकोट चार सय केभी डबल सर्किट प्रसारण लाइन परियोजना, तमोर-ढुङ्गेसाँगु दुई सय २० केभी प्रसारण लाइन परियोजना, हितार-सितलपाटी (अरुण करिडोर) चार सय केभी प्रसारणलाई परियोजना, सिम्बुवा खोला जलविद्युत् आयोजना (७० दशमलव तीन मेगावाट), किमाथाङ्का अरुण जलविद्युत् आयोजना (चार सय ५४ मेगावाट), मुगु कर्णाली जलाशययुक्त जलविद्युत् आयोजना (एक हजार नौ सय दुई मेगावाट) र घुन्सा खोला जलविद्युत् आयोजना (७७ दशमलव ५ मेगावाट) ।

**जल आपूर्तिका चार परियोजना** : काँक्रे देउराली जल संरक्षण तथा आपूर्ति परियोजना, महादेव खोला जल संरक्षण, सिस्नेरी खानेपानी आयोजना, थोन्से खोला जल संरक्षण तथा पानी आपूर्ति परियोजना ।

**शहरी विकास छ परियोजना** : नयाँ सहर विकास परियोजना (इशान), अटो भिलेज परियोजना, पोखरा महानगरपालिका, लगनखेलमा भूमिगत पालिका बजार, बबरमहल प्रशासनिक प्लाजा, पश्चिम सेती टाउन प्लानिङ परियोजना र गोपी कृष्ण केन्द्रीय कम्प्लेक्स ।

**स्वास्थ्य तथा शिक्षा क्षेत्रका तीन परियोजना** : सार्वजनिक विद्यालय सुधार परियोजना, गौतमवुद्ध प्रसूति अस्पताल र धुलिखेल मेडिसिटी परियोजना ।

**सूचना तथा प्रविधि क्षेत्र** : डाटा सेन्टर प्रोजेक्ट र आइटी पार्क/टेक्नोपार्क (सूचना प्रविधि विकास पार्क)

**खानी र खनिजजन्य क्षेत्रका १३ परियोजना** : चुनढुङ्गा उत्खनन परियोजना, सब्दु, सितगङ्गा नगरपालिका, अर्घाखाँची जिल्ला, डोलोमाइट उत्खनन, बोजे, हलेसी तुवाचुङ नगरपालिका खोटाङ, चुनढुङ्गा उत्खनन, धुनीबेसी घादिङ, ग्रेनाइट उत्खनन, काफलडाँडा, रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक, फलाम र तामा खानी उत्खनन्, झुन्लाबाङ, भुमे गाउँपालिका रुकुम, चुनढुङ्गा उत्खनन, जैतपानी र खामीलेख, कुपिण्डे नगरपालिका, सल्यान, म्याग्नेसाइट उत्खनन, त्रियुगा नगरपालिका र चौदण्डीगढी नगरपालिका, उदयपुर, सुनखानी, ढोकाढुङ्गा-फुलिवन, सुनछहारी गाउँपालिका, रोल्पा, फस्फोराइट, ढिकगड, दोगडाकेदार गाउँपालिका, बैतडी, फस्फोराइट, सङ्गाउँ, पुर्चौडी नगरपालिका बैतडी, पेट्रोलियम अन्वेषण, ब्लक नम्बर-५, चितवन, पेट्रोलियम अन्वेषण, ब्लक नम्बर-४ लुम्बिनी र धौवादी फलाम खानी परियोजना ।

# कर्णालीमा आगलागीबाट ५५ जनाको मृत्यु

**युग संवाददाता**
**सुर्खेत, १४ वैशाख ।**

कर्णाली प्रदेशमा विगत चारवर्षमा आगलागीबाट ५५ जनाको मृत्यु भएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार आगलागीकै कारण ६७ करोड ९७ लाख ३२ हजार बराबरको क्षति भएको छ।

उक्त तथ्याङ्कअनुसार मुगुमा रु ३१ करोड २८ लाख ४४ हजार बराबरको क्षति भएको छ। त्यस्तै, जुम्लामा रु ११ करोड ६६ लाख ४७ हजार बराबरको क्षति भएको छ। कर्णालीमा आर्थिक वर्ष २०७७/०७८, ०७८/०७९, ०७९/०८०, र चालु आवको चैत मसान्तसम्म आगलागीमा परी ६७ जना घाइते भएका छन् । आगलागीमा परी सबैभन्दा बढी मानवीय क्षति कालीकोटमा भएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक वीरबहादुर ओलीले जानकारी दिए।


## सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझ्ने
८ उक्त जग्गामा मोही भय नभयको बुझ्ने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ।
कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्षिट्च्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## हटलाइन मर्मत सेवा फोन गर्नुहोस । समस्या सुनाउनुहोस समाधान पाउनुहुनेछ ।

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा।
२) फर्निचर (काप्रेन्टर) मर्मत सेवा।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा।
६) पाथरुम, शौचालय मर्मत सेवा।
७) कोठा सार्ने गाडी सुविधा।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि
२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

सामेल निर्माण सेवा
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

भवानी छापाखाना DIGITAL COLOUR PRINTER
सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
क्यालेण्डर
स्पाइरल साधारण टेबल
के तपाई २०८१ सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?



•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070 Multipurpose Business Organization
24 Years in Printing Experience
Quality & Quantity Printing House
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour



भवानी छापाखाना
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
: 083-521615, 9858067999


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।